# जोशीपुर गाउँपालिका
## JOSHIPUR RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जोशीपुर, कैलाली
Joshipur, Kailali
सुदुरपश्चिमप्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

### कवाडी कर संकलन सम्बन्धी ७ ( सात) दिने बोलपत्र आह्वानको सूचना।

( दोस्रो पटक प्रकाशित मिति २०८३/०५/३१ )

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/१९ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि यस गाउँपालिका क्षेत्र भित्र कबाडी मालसमानको निकासी पैठारी आन्तरिक आय संकलन गर्ने कार्य दरभाउपत्र आवह्वान गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलवन्दी दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना सम्बन्धी बिस्तृत जानकारीका लागि जोशीपुर गाउँपालिका कार्यालयको सूचना पाटी, वेबसाईट:- www.joshipurmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखा वा फोन नं. ०९१-४०११०१ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल -**

| क्र.स. | आन्तरिक आय ठेक्का नं. | सूचनाको विवरण | न्यूनतम बोलपत्र रकम सेवा शुल्क ) .अ.र मु (कर बाहेक .रु | दरभाउपत्र किन्ने अन्तिम मिति | बोलपत्र दस्तुर रु | बोलपत्र दर्ता र खोलिने मिति र समय | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | JRM/IR/01/2083/084 | गाउँपालिका क्षेत्र भित्रबाट कवाडी कर संकलन गर्ने कार्य | १,२०,०००।- (एक लाख बिस हजार मात्र) | २०८३।०६।०६ गतेमंगलबार , कार्यलय समय भित्र | १,०००।- अक्षरेपी ) एक हजार ( मात्र । | दर्ता मिति: २०८३।०६।०७ गते ,बुधबार दिनको १२:०० बजे सम्म। | २०८४ असार मसान्त |

"जोशीपुर समृद्रिको आधार:कृषि उत्पादन,शिक्षा,स्वास्थ्य,संस्कृति पर्यटन र पूर्वाधार"

☎ ०९१४०११०१ www.joshipurmun.gov.np,email:joshipurmun@gmail.com,info@joshipurmun.gov.np,

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **खोलिने मिति:** २०८३।०६।०७ गते ,बुधबार<br>दिनको २:०० बजे। | |

अमित कुमार शाह
प्रमुख प्रशासकीय अधिकृत

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

ठेक्का सम्बन्धी शर्तहरु -

१. शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले ७ ( सात ) दिन सार्वजनिक विदा परेमा अन्तिम मितिमा एक दिन थपको कार्यालय समय भित्र राजश्व शाखामा तोकिएको रकम (पछि फिर्ता नहुने गरी ) नगद बुझाई दरखास्त फाराम खरिद गरी जोशीपुर गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा मिति २०८३/०६/०७ गते कार्यालय समय दिउसो १२:०० बजेभित्र दर्ता गरी सक्नु पर्ने छ ।

२. शिलबन्दीहरु मिति २०८३/०६/०७ गते दिउँसो २:०० बजे जोशीपुर स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा जोशीपुर गाउँपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी दरखास्त खोल्न बाधा पर्ने छैन ।

३. शिलवन्दी दरखास्त खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजानिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगतै कार्यालय खुलेको दिनमा हुने ।

४. संघ, संस्थाको हकमा फर्म दर्ता / नविकरण प्रमाणपत्र, व्यावसाय दर्ता / नविकरण प्रमाणपत्र, मु.अ. कर, स्थायी लेखा नं. (पान न.), नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, स्वघोषणा पत्र र आ.व २०८२/८३ को कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पुर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

५. शिलबन्दी दरखास्त खाम बाहिर ठेक्का नं. विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नु पर्ने छ ।

६. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम यस गाउँपालिकाको आन्तरिक राजस्व खाता जोशीपुर गाउँ पालिकाको खाता नं. १२३CA५३४९८७८१००३ मा एकमुष्ट यस गाउँपालिकाको राजश्व शाखामा दाखिला गरी पट्टा उठाउनु पर्नेछ ।

८. प्रचलित नियमानुसार कालो सूचीमा नपरेको र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नु पर्नेछ । कालो सूचीमा परेका र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ती,फर्म तथा कम्पनीहरुको शिलवन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।


☎ ०९१४०११०१www.joshipurmun.gov.np,email:joshipurmun@gmail.com,info@joshipurmun.gov.np,

९.म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको शिलबन्दी दरखास्त पत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. पेश भएको शिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय, कैलालीले समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा यस गाँउपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१२. पट्टापुर्जामा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।

१३. ठेकेदारले ठेक्का सम्झौता पछि यस गाउँपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन । तर विशेष परिस्थिति विपद, महामारी जस्तामा गाउँपालिकाको नियमानुसार हुनेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

१५. सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१६. ठेकेदार आफैले छपाएको नगदी रसिद यस कार्यालयबाट प्रमाणित गराएर उपलब्ध गराउनु पर्नेछ ।

१७. कबाडी बस्तुहरुको दररेट जोशीपुर गाउँपालिकाको आर्थिक ऐन,२०८३ बमोजिम हुनेछ ।

अमित कुमार शाह
प्रमुख प्रशासकीय अधिकृत

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# जोशीपुर गाँउपालिकाको आर्थिक ऐन,२०८३

अनुसूची १३
दफा १४ सँग सम्बन्धित

## आ.व.२०८३/०८४ का लागि स्वीकृत करका दरहरु

## कवाडी मालसामानमा लाग्ने कर

:

| सि.नं. | समानको विवरण | इकाई | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | वियर वोतल,मदिरा बोतल तथा अन्य बोतल | प्रति बोतल | ५० पैसा | |
| २ | कोक तथा अन्य पेय पदार्थको बोतल | प्रति बोतल | ५० पैसा | |
| ३ | प्लास्तिक (झोलार दुधको थैला बाहेक | प्रति के.जी. | रु ३ | |
| ४ | १०० के.जी. खाद्यन्न अट्ने जुटको बोरा | प्रति गोटा | रु १ | |
| ५ | ५० के.जी. खाद्यन्न अट्ने जुटको बोरा | प्रति गोटा | ५० पैसा | |
| ६ | ५० के.जी.खाद्यन्न अट्ने प्लास्टिक बोरा | प्रति गोटा | ५० पैसा | |
| ७ | तेलको टिन १० लिटर भन्दा बढी अट्ने | प्रति गोटा | रु ४ | |
| ८ | तेलको टिन १० लिटर भन्दा कम अट्ने | प्रति गोटा | रु २ | |
| ९ | पुरानो कागज अखवार | प्रति के.जी. | रु ३ | |
| १० | अन्य कागज कार्टुन समेत | प्रति के.जी. | रु २ | |
| ११ | फलाम | प्रति के.जी. | रु ३ | |
| १२ | अन्य धातु तामा पितल कांसो आदि | प्रति के.जी. | रु ४ | |

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १३ | टीन चादर आदि | प्रति के.जी. | रु ४ | |
| १४ | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | रु ३ | |
| १५ | पराल बाट बनेका पुराना सामान वा पराल | प्रति के.जी. | रु २ | |
| १६ | सिसा लिडको धुलो र टुक्रा | प्रति के.जी. | रु ३ | |
| १७ | जस्ता पाता | प्रति के.जी. | रु ५ | |
| १८ | जस्ताको धुलो | प्रति के.जी. | रु ४ | |
| १९ | झिण्डु उनको टुक्रा | प्रति के.जी. | रु २ | |
| २० | पुरानो व्याट्री | प्रति के.जी. | रु ५ | |
| २१ | गारमेण्टको कपडाको टुक्रा | प्रति के.जी. | रु २ | |
| २२ | जलेको मोविल | प्रति के.जी. | रु १ | |
| २३ | जुट र प्लास्टिकका पुनः प्रयोग हुन नसक्ने वोराहरु | प्रति के.जी. | रु २ | |
| २४ | कार्पेटका टुक्राहरु | प्रति के.जी. | रु २ | |
| २५ | टायर ट्यूव | प्रति के.जी. | रु २ | |
| २६ | पुरानो ड्रम | प्रति के.जी. | रु ३ | |
| २७ | कागजको झुरा | प्रति के.जी. | रु २ | |
| २८ | प्लास्टिक जुत्ता, चप्पल र पुरानो प्लास्तिक टुक्रा | प्रति के.जी. | रु २ | |

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

| कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|
| रसिद नं...................................... | रकम रु.-.................................. | मिति.......................... |

आन्तरिक आय संकलनतर्फको शिलबन्दी दरखास्त फाराम

मिति २०८३/..../...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय,
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल ।

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

बिषय - आन्तरिक आय संकलन तर्फको शिलबन्दी दरखास्त फाराम पेश गरेको सम्बन्धमा ।

१ ठेक्का लिन चाहेको ठेक्काको नाम - कवाडी मालसमानको निकासी पैठारी आन्तरिक आय संकलन ।
२. ठेक्का संचालन हुने स्थान - जोशीपुर गाउँपालिका क्षेत्रमा ।
३. जोशीपुर गाउँपालिकाबाट तोकिएको न्युनतम अंक रु १,२०,०००/- (अक्षेरुपी एक लाख बिस हजार मात्र )।
४ दरखास्त दाता आफुले ठेक्का लिन चाहेको ठेक्काको कबोल बंक रकम रु ............................................(अधोरुपी ..................................................................................................................................................)
५. ठेक्का लिन चाहने शिलवन्दी दरखास्त दाताको व्यक्तीगत विवरण-
क, नाम, थर (देवनागरिकमा) -
ख. नाम थर (अंग्रेजीमा) -
ग. नेपाली नागरिकता प्रमाणपत्र नं. ..........................................जारी गर्ने जिल्ला........................जारी मिति ......................
घ. स्थायी ठेगाना जिल्ला-.................................न.पा./गा.पा.............................................. बडा नं..............
ङ. सम्पर्क न. -
च. दरखास्तदाताको बाबुको नाम, थर............................................आमाको नाम, थर.......................................
छ. दरखास्तदाताको बजेको नाम, थर-..............................................पति/पत्नीको नाम, थर-..........................
६. फर्म वा संस्थाले ठेक्का लिन चाहेमा फर्म वा संस्थाको विवरण -
क फर्म या संस्थाको नाम.................................................................... ख. ठेगाना.................................
ग. फर्म वा संस्थाको फोन नं..................................................................
घ. दर्ता प्र.नं......................दर्ता प्रमाण जारी गर्ने निकाय............................................जारी मिति.................
नविकरण मिति.......................................
ङ. फर्म वा संस्थाको अध्यक्ष/प्रमुखको नाम, थर..................................................च. सम्पर्क नं.........................
ख. पान नं...........................................
ज. फर्म वा संस्थाको छाप..............................................

मैले यस दरखास्त फाराममा खुलाएका सम्पुर्ण विवरण सत्य हुन, ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजात -

- संघ, संस्थाको हकमा फर्म दर्ता / नविकरण प्रमाणपत्र, व्यावसाय दर्ता / नविकरण प्रमाणपत्र, मु.अ. कर, स्थायी लेखा नं. (पान न.), नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, स्वघोषणा पत्र र आ.व २०८२/८३ को कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पुर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।
- कालोसूचीमा नपरेका र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा पत्र ।

| दरखास्तदाताको दस्तखत | |
|---|---|
| दायाँ | बायाँ |
| | |